# मेलम्ची नगरपालिकाको आ.व. २०७४/७५ को दोस्रो नगरसभाको निर्णयहरु

---

**निर्णय नं. १ :**

मेलम्ची नगरपालिकाको आ.व. २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको मेलम्ची नगरपालिकाको संशोधित "आर्थिक ऐन, २०७४" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

मेलम्ची नगरपालिकाको आ.व. २०७४/७५ को सेवा र कार्यहरूको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा नेपालको संविधान, २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम तयार पारिएको मेलम्ची नगरपालिकाको संशोधित "विनियोजन ऐन, २०७४" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

अल. रेडियन्ट ल अफिसेज, बुद्धनगर-१०, काठमाडौंबाट तयार पारिएको देहाय बमोजिमका कार्यविधिहरू संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. कृषि विकास कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४

२. पर्यटन प्रवर्द्धन कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४

**निर्णय नं. ४**

नेपालको संविधान, २०७२ को धारा २१७ उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८ को दफा ४६ मा भएको व्यवस्था बमोजिम न्यायिक समितिको अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न मेलम्ची नगरपालिकाका उप-प्रमुख श्री भगवती नेपालको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरू रहने गरी न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. श्री भगवती नेपाल - संयोजक

२. श्री लुमडीराज खतिवडा - सदस्य

३. श्री पासाङ तामाङ - सदस्य

**निर्णय नं. ५॰**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३(११) को (छ) बमोजिम सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने र सोही परिच्छेदको (११) (ट) अनुसार अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कर्तव्य र अधिकार सम्बन्धित नगरपालिकाको भएको सन्दर्भमा मेलम्ची नगरपालिका कार्यालयले सार्वजनिक जग्गा संरक्षण कार्य समेत अगाडि बढाएको हुँदा सो कार्यमा आवश्यक सहजिकरण गर्न बढीमा १५ जना स्वयंसेवक व्यवस्थापन तथा परिचालनका लागि मिति २०७४।८।१८ गतेको कार्यपालिका वैठकबाट निर्णयका लागि सिफारिस भएको हुँदा सो को अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

"स्थानीय सरकार संचालन ऐन, २०७४" परिच्छेद ७ को दफा ४५ (१) मा भएको व्यवस्था बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ बायाँको अधिकारक्षेत्र (राइट अफ वे) को सिमा तोक्न सक्नेछ भन्ने व्यवस्था भएको हुँदा सोही बमोजिम यस मेलम्ची नगरपालिका अन्तर्गत पर्ने सडकहरूमा पूर्व निर्धारण गरिएको सडक अधिकार क्षेत्रलाई मिति २०७४।७।१७ गतेको कार्यापालिका वैठकबाट संशोधन गरी सडक अधिकार क्षेत्र निर्धारण गरिएको हुँदा कार्यपालिका वैठकवाट निर्णय भए बमोजिम हुने गरी उल्लेखित सडक अधिकार क्षेत्रको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ः**

मेलम्ची नगरपालिका क्षेत्र अन्तर्गत पर्ने नदी खोला, खोल्सीको मापदण्ड निर्धारण गरी लागु गर्नका लागि मिति २०७४।७।१७ गतेको कार्यापालिका वैठकबाट निर्णय भएको हुँदा निर्णय भए बमोजिम हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।